यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ७३ ○श्रेणी 'क' ○२०७३ मंसिर २८ गते मंगलबार ○13 Dec. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगव्याधिबाट बचौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

पुम्दीकोट विकासमा दलहरू एकजुट

महादेवको मूर्ति निर्माण गरि प्रदेशकै उत्कृष्ट गन्तव्य बनाइने



गोल्डेन न्यूज संवाददाता
पोखरा २७ मंसिर ।

पोखरा उपमहानगरपालिका वडा नं. २५, पुम्दीकोटमा निर्माण हुन लागेको महादेवको विशाल मूर्ति निर्माण गर्ने अभियानमा कास्कीका राजनीतिक दलहरुरु एक भएका छन । धार्मिक तथा पर्यटकीय महत्व बोकेको पोखराको पुम्दीकोटमा महादेवको विशाल मूर्ति निर्माण गर्ने अभियानमा कास्कीका राजनीतिक दलहरु एक भई आर्थिक सहयोग जुटाउने अभियानमा सहयोग गर्ने भएका हुन । पुम्दीकोट विशाल महादेव मूर्ति निर्माण उपभोक्ता एवं पर्यटन प्रवर्द्धन समितिले सोमबार पोखरामा कास्कीका राजनीतिक दलहरु संगको छलफल तथा अन्तर्क्रिया कार्यक्रममा राजनीतिक दलहरुले पुम्दीकोट प्रदेश नं.४ को पर्यटनको उत्कृष्ट गन्तव्य बनाउन आफ्नु प्रतिबद्ध रहेको बताएका थिए कार्यक्रममा दलका नेताहरुले पुम्दीकोटमा निर्माणाधिन हुन लागेको महादेवको विशाल मूर्ति निर्माणमा आफ्नुहरुले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

नेकपा माओवादी केन्द्र कास्कीका इन्चार्ज राजकाजी गुरुङ (करण) ले पुम्दीकोटामा महादेवको मूर्ति बनाउने अभियान आर्थिक विकाससंग जोडिएकोले यसलाई आफ्नुहरुले सहयोग गर्ने स्पष्ट पारे । विशाल महादेवको मूर्ति अवलोकन गर्न अपाङ्गता भएका व्यक्तिहरुको पनि पहुँच पुग्ने गरी अपाङ्ग मैत्री बनाउन उनले आग्रह गरे । उनले भने-'माओवादीले द्वन्दकालमा राजनीति गरेको उक्त क्षेत्रमा हामीले केही गर्न नसकेको अवस्थामा धार्मिक तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विशाल महादेवको मूर्ति निर्माण गर्ने अभियानमा हाम्रो तर्फबाट जिल्ला स्तरदेखि केन्द्र सम्म पहल हुन्छ।'

नेकपा एमाले कास्कीका सदस्य राधिका शाहीले स्थानीय श्रोत साधन प्रयोग गरी प्रदेश नं. ४ कै पर्यटनको उत्कृष्ट गन्तव्य बनाउने अभियानमा आफ्नो पार्टीको पूर्ण साथ र सहयोग हुने प्रतिबद्धता जनाइन। पुम्दीकोट क्षेत्रमा गुणस्तरीय पर्यटकहरुको लागि रिसोर्टहरु समेत आवश्यक भएको भन्दै उनले सिधै सडक मार्ग पुम्दीकोटसम्म नजोड्न सुझाव दिईन । एमालेका जिल्ला सदस्य ईमानराज पौडेलले पुम्दीकोटमा महादेवको विशाल मूर्ति स्थापना भएसँगै त्यहाँको आर्थिक विकासमा महत्वपूर्ण योगदान हुने बताए । उनले भने-'दूध उत्पादन हुने पुम्दी क्षेत्रका स्थानीयले अब दूधको भाडा बोकेर पोखरा धाउन पर्दैन, त्यही दूधबाट उत्पादन हुने परिकारहरु बनाएर बिक्री गर्नुपर्दछ ।'

नेपाली कांग्रेस कास्कीका सदस्य युवक लामिछानेले नमुना पर्यटकीय धार्मिक स्थल बनाउने अभियानमा आफ्नो पार्टी महत्वपूर्ण भूमिका निभाउन तयार भएको

बाँकी ३ पृष्ठमा.....

विमानस्थल बारे शङ्का नगर्न आग्रह

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ मंसिर ।

पोखरामा बन्न लागेको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काममा ढिलाई भएका समाचार प्रकाशित भैरहेका बेला विमानस्थल आयोजनाले यसपृति कुनै शंका नगर्न आग्रह गरेको छ ।

विमानस्थल निर्माणका विषयमा पछिल्लो समय विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचार प्रति ध्यानाकर्षण भएको जनाउँदै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाले सोमबार विज्ञप्ति प्रकाशित गरी निर्माण कार्य सुरु गर्न आवश्यक तयारी भैरहेको स्पष्ट पारेको छ । साथै राष्ट्रिय गौरवको यो आयोजना कार्यन्वयनका लागि भएको प्रयास प्रति नगर्न नगराउन सबै सरोकारवाला समक्ष अनुरोध गरिएको छ ।

विमानस्थलका लागि आवश्यक थप ५२१ रोपनी जमिन र त्यसमा रहेका ४२ वटा घरटहरहरुको मुआब्जा रकम वितरणको प्रतिवेदन स्वीकृत भएको, आयोजना स्थलको माटोको परीक्षण, दक्षिण र पूर्व तर्फ ५ वटा नालाहरुको निर्माण गरिएको, थप अधिग्रहण गरेको क्षेत्रमा चिनीया निर्माण व्यवसायीले तारबारको कार्य गरिसकेको र छिट्टै ठेकेदार आवास क्याम्पको समेत निर्माण अगाडि बढाउन स्वीकृति प्रदान गरिसकेको आयोजनाले प्रष्ट पारेको छ ।

निर्माण कम्पनीले इन्जिनियरिङ डिजाईनको काम गरररहेको र डिजाईनको काम सम्पन्न भएपछि मात्रै निर्माण कार्य सुरु गर्न सकिने प्राविधिक पक्षलाई ध्यान दिन आयोजनाले आग्रह गरेको छ ।

'यस आयोजनाले विभिन्न सिभिल निर्माण कार्यहरु, परामर्श सेवाका कार्यहरु र कार्यालय संचालन समेतमा विगत २ वर्षमा करिब १ अर्ब, तथा जग्गा अधिग्रहणमा करिब ३ अर्ब रकम परिचालन गरिसकेको सन्दर्भमा राष्ट्रिय गौरवको यस आयोजनाको कार्यान्वयन प्रति रहेको हाम्रो प्रतिबद्धता एवं लगन प्रति कुनै शंका नगर्न/ नगराउन हुन सबै सरोकारवालाहरु समक्ष सविनय अनुरोध छ ।' आयोजनाद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

दुई हजार पाँच सय मिटर लम्बाइ र ५० मिटर चौडाइको धावनमार्ग रहने यो विमानस्थलमा बोइड ७४७ मोडलसम्मका जहाज उडान-अवतरण गर्न मिल्नेछ । विमानस्थलमा एरोब्रिजयुक्त भवन र कार्गो भवन पनि निर्माण हुनेछ । यसबाहेक ट्यावक्सी वे, अन्तर्राष्ट्रिय तथा आन्तरिक टर्मिनल भवन, एयर ट्राफिक कन्ट्रोलर टावर, एयरपोर्ट ह्यांगरजस्ता संरचना बन्नेछन् ।

विमानस्थल निर्माण गर्न ०३४ बाटै जग्गा अधिग्रहण तथा मुआब्जा वितरण थालिएको थियो । ४० वर्षअघि ३ हजार १ सय रोपनी जग्गा अधिग्रहण गरेर राखिएको थियो भने ५ सय २९ रोपनी जग्गा पछिल्लो समय अधिग्रहण गरिएको छ । विमानस्थल बनाउन चीनको एक्जिम बैंकबाट २१ अर्ब रुपैयाँ उपलब्ध हुने भएको छ ।

यसमध्ये २५ प्रतिशत रकम नेपालले अनुदानस्वरूप प्राप्त गर्नेछ । बाँकी ७५ प्रतिशत रकममा भने नेपालले वार्षिक २ प्रतिशत ब्याज तिर्नुपर्नेछ ।

यसैबीच पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको तेश्रो पटक जग्गा

बाँकी अन्तिम पृष्ठमा.....

व्यापार मेलामा गैह्रकानूनी कारोबार, आयोजक बेखबर

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ मंसिर ।

पोखरामा जारी राष्ट्रिय औद्योगिक व्यापार मेला भित्र अवैध कारोबार गरेका पर्यटकलाई कार्वाही गरिने भएको छ । महोत्सव स्थलमा टिकट चिट्ठा बेच्ने पर्यटकलाई कार्वाही गरिने कास्कीका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीले बताए । मेलाभित्र पर्यटकले चिट्ठा बेचेको जानकारी आफूले केहि समय अगाडि मात्र थाहा पाएको भन्दै मैनालीले जो सुकैले पनि यो अथवा त्यो बहानामा प्रलोभन देखाई टिकट चिट्ठा बेच्न नपाइने बताए । 'यस्तो कार्य गैह्रकानूनी हो, सम्बन्धित पक्षलाइ कार्वाही हुन्छ'-प्रजिअ मैनालीले भने । कस्तो कारवाही हुन्छ भन्ने प्रश्नमा उनले नियम हेरेर कार्वाही प्रक्रिया अघि बढाउने बताए ।

आइतवार महोत्सवको आयोजक पोखरा उद्योग वाणिज्य संघले पर्यटन प्रवर्द्धन गर्ने भन्दै मेलामा विदेशी पर्यटकहरुलाइ निःस्याएको थियो । मेलामा पुगेका केही विदेशी पर्यटकले महोत्सव स्थल भित्रको चौरमा डेस्क स्थापना गरी फन्डरेजिंग इभेन्टको नाममा प्यारग्लाईडिङ, जिप फ्लाए, होटल आवास, रेष्टुरेन्ट गिफ्ट लगायतका उपहारहरु प्रदान गरिने भन्दै चिट्ठा बिक्री गरेका थिए । पिस कप नेपाल भोलुन्टियर नामबाट पर्यटकले मेला स्थलमा २०० र ४०० रुपैयाँ दरेरेको टिकट चिट्ठा बेचेका थिए ।

औद्योगिक व्यापार मेला स्थल भित्र विदेशी पर्यटकले अवैध रुपमा चिट्ठा किन बेचे ? भन्ने विषयमा आयोजक संस्थाका अध्यक्ष विश्वशंकर पालिखेले भने आफूलाई यस विषय जानकारी नभएको बताए । सोमवारसम्म पनि आयोजक संस्थाका पदाधिकारीले यस विषयमा अनभिज्ञता प्रकट गर्दै सामान्य ढङ्गले प्रस्तुत भएका छन् ।

उनीहरुले कसरी चिट्ठा बिक्री गरे, चिट्ठा बिक्री गर्नका लागि डेस्क, कुर्ची लगायतका सामग्रीको पवन्ध कसले मिलाएको थियो, उनीहरुले ठाउँका लागि पैसा तिरेका थिएकि थिएनन् यो विषयमा आयोजकनै बेखबर छ ।

पोखरा उप-महानगरपालिका कार्यालयको ३१औं नगरपरिषद्का लागि वडास्तरीय योजना तर्जुमा गोष्ठी सम्बन्धी

सूचना ! सूचना !! सूचना !!

पोखरा उप-महानगरपालिकाको आगामी आर्थिक वर्ष २०७४/०७५ को बजेट, नीति, योजना तथा कार्यक्रमका लागि वडास्तरीय योजना तर्जुमा गोष्ठी मिति २०७३/०९/०१ गते शुक्रबार वडा नं. १ देखि १८ सम्म र मिति २०७३/०९/०३ गते आइतबार वडा नं. ५ देखि २५ सम्म हुने भएकाले सम्बन्धित सबैका लागि यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

कार्यकारी अधिकृत
पोखरा उप-महानगरपालिका कार्यालय

ग्राहक वर्गमा खुशीको खबर

माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.द्वारा उत्पादित गुणस्तरीय, मजबूत, सुन्दर एवं भूकम्प प्रतिरोधात्मक विभिन्न साइज र आकारका इट्टाहरु सर्वत्र बजारमा उपलब्ध छ।

❖मूल्य : रु. ११५०/- प्रति पिस (करसहित कम्पनी रेटमा)

माछापुच्छ्रे ब्रिक फ्याक्ट्री प्रा.लि.

अधिकृत विक्रेता : श्री विन्ध्यवासिनी ब्रिक सप्लायर्स
पोखरा-८, सुजनचोक, फोन : ०६१-५३४३३०
९८५६०२४६४९, ९८५६०२१३१८, ९८४६०२१३१८

गुणस्तरीय सेवाका लागि सदैव हामीलाई सम्झनुहोस्।

कोरियन भाषामा नयाँ भर्ना खुल्यो

Eps Topik-2017 का लागि अनुभवी प्रशिक्षकद्वारा नयाँ पाठ्यक्रममा श्रव्यदृश्य माध्यमबाट नयाँ कक्षामा भर्ना खुल्यो।

कक्षा: बिहान	८-९ बजे	दिनमा	१-२ बजे
	९-१० बजे		४-५ बजे
		साँझमा	५-६ बजे

❖कक्षा सञ्चालन भैरहेको छ ।

सम्पर्क

अन्नपूर्ण कम्प्युटर एण्ड मिडिया ट्रेनिङ इन्स्टिच्यूट (कोरियन भाषा केन्द्र)

पोखरा-४, सिद्धार्थचोक (पुष्परत्न भवन)
शाखा कार्यालय : पोखरा-१७,विरौटा,(शिव प्लाजा)
फोन :०६१-५२४३२७, ९८५६०३०५५५,९८४७६५५८८८

नि:शुल्क मुखको क्यान्सर परीक्षण कार्यक्रम हुने सूचना

मुखको क्यान्सर परीक्षण सम्बन्धी जानकारी

- मुखमा भएको समस्याको सम्बन्धमा दक्ष चिकित्सकबाट परीक्षण हुनेछ।
- मुखको क्यान्सर हुने सम्भावना छ/छैन चाहा पाउन सकिन्छ।
- क्यान्सर भई सकेको रहेछ भने थप उपचारका लागि महत पुऱ्याउँछ।

मिति : २०७३ पौष २ गते शनिबार
समय : बिहान ८:०० बजेदेखि टिउँसो १:०० बजेसम्म
स्थान : पोखरा क्यान्सर केयर सेन्टर
न्यूरोड, पोखरा, फोन नं. ५५१०७६
(पोखरा उप-महानगरपालिका कार्यालय अगाडि)
रजिष्ट्रेशन सम्पर्क : ५५१०७६, ५२०५१६

आयोजक

माया आउटरिच www.mayaoutreach.org
नेपाल अर्बुद रोग निवारण संस्था, कास्की www.ncrs.org.np

सहयोगी संस्था

पोखरा क्यान्सर केयर सेन्टर
www.pokharacancercare.com

" लगानीको सम्बर्द्धन, उद्योग व्यवसायको प्रवर्द्धन "

राष्ट्रिय औद्योगिक व्यापार मेला २०७३-पोखरा

मंसिर २३ देखि पौष ८ गते सम्म
पोखरा प्रदर्शनी केन्द्र, नयाँ बजार, पोखरा

मेलामा आजका विशेष आकर्षणहरू

लोकदोहोरीतर्फ : समिला गुरुङ, जीवन दाहाल, कृष्ण देवकोटा, शिवहरि ढुंगाना, गणेश राना, माया गुरुङ, माया गिरी, इन्द्रा गुरुङ, बालकृष्ण वाग्ले, प्रेम बस्यालको प्रस्तुति

पपतर्फ : मिलन आमात्य, तन्त्र ब्याण्डको साथमा अन्य कलाकारहरुको प्रस्तुति।

हास्यतर्फ : गोविन्दर र मुलाको सागको जोडदार प्रस्तुति।

❖पिसिसिआइ गायन ताराको नियमित प्रस्तुति।

साथमा

❖विद्यालयस्तरीय सामुहिक नृत्य प्रतियोगिता तथा मोर्डन डान्स र हास्य प्रस्तुति।

राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७३, पोखराको डोमामा रहेको नेपाल टेलिकमको स्टलबाट नि:शुल्क प्रिपेड सिमकार्ड वितरण।

नोट : सिमकार्ड लिनका लागि नागरिकता वा सवारी चालक अनुमतिपत्रको प्रतिलिपि, प्रवेश टिकट र एकप्रति पासपोर्ट साइजको फोटो आवश्यक पर्नेछ।

विस्तृत जानकारीको लागि:
पोखरा उद्योग वाणिज्य संघ,मैहापाटन, पोखरा
फोन नं.: ०६१-५२०२६४, ५२२२६४, ५२५२६४ फ्याक्स नं.: ०६१-५२१०८४

■ अविरल असफलता बाहेक अरू सबै कुरा सहन सकिन्छ ।

- गेटो

सम्पादकीय ...

जिद्दी र अहङ्कार त्यागौं

राजनीतिक दलका नेताहरू मुलुकलाई संकटमा पार्न किन उद्यत भएका हुन् बुझ्न भन् भन् कठिन हुँदै गएको छ । संविधान कार्यान्वयनका लागि तीन तहको निर्वाचन गनैपर्ने हुन्छ । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले संवधान जारी नहुँदैदेखि बखेडा भिक्न थालेको थियो । संविधान जारी भएपछि त करिब आधा वर्ष लामो आन्दोलनै भयो मधेसमा । त्यही बहानामा भारत अघोषित नाकाबन्दी लगायो । भूकम्पको घाउ निको हुन नपाउँदै थपिएको नाकाबन्दीले देशलाई जर्जर अवस्थामा पुऱ्यायो । यस नाकाबन्दीले पहाड र मधेस सामान्य जनतालाई उस्तै सास्ती कटायो भने सत्तामा पहुँच भएका र बाहुमा बल भएकाले कमाउने मौका छोपे । यस्तो अवैध कमाइबाट मधेस र पहाडका राजनीतिक नेता कार्यकर्ता पनि पोसिए । विडम्बना, चर्को स्वरमा नाकाबन्दी र संविधान निर्माणको विरोध यही समूहले गर्दै आएको छ । सरकारले संविधान संशोधन प्रस्ताव संसद्मा दर्ता गराएपछि प्रमुख विपक्षी नेकपा एमालेले सदन अवरुद्ध पारिरहेको छ । संविधान संशोधन प्रस्ताव विशेषगरी पाँच नम्बर प्रदेशका पहाडका जिल्लालाई तराईबाट अलग्याएर चार नम्बरमा गाभ्ने प्रस्तावविरुद्ध चर्को विरोध भइरहेको छ । प्रस्तावित संशोधनलाई मधेसी मोर्चाले पनि हत्त न पत्त अस्वीकार गऱ्यो । संशोधनको विरोध गर्दै आएको एमालेले मधेसी मोर्चाको विरोधलाई संशोधनको औचित्य नभएको प्रमाणका रूपमा प्रस्तुत गऱ्यो । संशोधनको विरोध चर्कदै गएपछि मधेसी मोर्चाले संशोधन विधेयकमा छलफल गर्न माग गरेपछि तर एमाले भने विधेयक फिर्ता नभएसम्म सदन चल्न नदिने जिद्दीमा अडिएको छ । अर्थात्, गतिरोध अन्त्य हुने लक्षण छैन । विडम्बना चार्हि के छ भने संविधान संशोधन प्रस्ताव संसद्को कार्यसूचीमा राखिएकै छैन । तर, सदन अवरुद्ध हुँदा संसदमा एमाले र नेकपा माओवादी केन्द्रका सदस्यहरूले प्रस्तुत गरेको महाभियोग प्रस्तावमाथिको छलफल रोकिएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'आफू प्रधानमन्त्री हुँदासम्म' संशोधन प्रस्ताव फिर्ता नलिने र एमालेले प्रस्ताव फिर्ता नलिईकन संसद् चल्न नदिने हो भने संविधान संशोधनमात्र हैन महाभियोग प्रस्ताव र निर्वाचनसम्बन्धी कानुन बनाउने काम पनि अलपत्र हुन्छ । यस्तो अवस्था उत्पन्न भयो भने मुलुक संवैधानिक शून्य र राजनीतिक अराजकताको दुर्भाग्यपूर्ण भूमरीमा फस्नेछ । पञ्चमांगी तत्वबाहेक अरू कसैको पनि यस्तो अभीष्ट हुन सक्दैन । नेपालका अहिले क्रियाशील राजनीतिक दलका नेताहरूको नियतमा शंका गरिहाल्नु सायद न्यायोचित हुँदैन । तर, उनीहरूलाई सधैं शंकाको सुविधा उपलब्ध भइरहने चार्हि छैन । जनताले आफ्ना नेतालाई पञ्चमांगी ठहर गर्नुभन्दा पहिले नेताहरूले आआफ्ना जिद्दी र अहङ्कार हारे पनि राष्ट्र नहारोस् भन्ने सुनिश्चित गर्नुपर्छ । यसका लागि एमालेले सदन चल्न नदिने जिद्दी छाड्नुपर्छ भने मधेसी मोर्चाले पनि पाँच नम्बरका जनताको भावनाको कदर गर्नसक्नुपर्छ । सरकारले एमालेको सर्तअनुरूप संसद्मा पहिले निर्वाचनसम्बन्धी विधेयक दर्ता गराएमा सदन अवरुद्ध नहुने हो भने महाभियोगको प्रस्ताव अगाडि बढाउन पनि त्यसबाट सहयोग पुग्न सक्छ । फलस्वरूप, संविधान संशोधन प्रस्तावकै सम्बन्धमा पनि कुनै निष्कर्षमा पुग्ने बाटो खुल्नेछ । यसमा संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले संवादबाट निकास निकाल्न अग्रणी भूमिका पूरा गर्नसक्नुपर्छ । समस्या समाधानमा प्रधानमन्त्री दाहाल बाधक बनेका हुन् भने कांग्रेसले उनलाई दिएको समर्थनमा समेत पुनर्विचार गर्न हिचकिचाउनु हुँदैन । देशभन्दा ठूलो कोही हुँदैन र राष्ट्रका लागि कोही पनि अपरिहार्य हुँदैन । सबैलाई चेतना भया !

आजको पञ्चाङ्ग

मिति २०७३ साल मंसिर २८ गते मंगलबार, तदनुसार डिसेम्बर १३ सन् २०१६, श्रीशार्के १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पश्चीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् शरद ऋतु चलिरहेको छ चान्द्रमान अनुसार मार्गशीर्षशुक्लपक्ष चलिरहेको छ सौरमान अनुसार आज मार्गशीर्षशुक्लपक्षको चतुर्दशी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ। आज दिनमान २५ घटि ५४ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४६ मिनेटमा जयदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०८ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : गरेको सबै कार्यमा बाधा हुने, मानसिक अशान्ति, यात्रामा कठिनाई हुने, चिन्तापर्ने समाचार प्राप्त हुनेछ ।

वृष : साथी संगीहरुसंग कलह, पेट वा कम्मरको रोग लाग्ने, मनपरेको खानामा अवरोध आउनेछ, दिन खराब छ ।

मिथुन : परिवारसँग विवाद पर्नेछ, व्यापारीक क्षेत्रमा मन्दी आउनाले नोक्सान बहन जानेछ, समय खराब छ ।

कर्कट : आरोग्यता, प्रशन्नता, आर्थिक पक्ष सवल रहने, मिष्ठान्न भोजन प्राप्ति, नवीन कार्यको थालनी गर्दा राम्रो हुनेछ ।

सिंह : एकासी नयाँ वस्तु फेला पर्ने, उत्कृष्ठ सरकारी सम्मान पाउन सकिने, शैक्षिक क्षेत्रबाट उत्कृष्ट नतिजा हाँसील ।

कन्या : एकासी आँखामा खराबी आउन सक्ने, धनमाल चोरी हुन सक्नेछ, आफूले गरेको कार्यमा विरोधी बढ्नेछन् ।

तुला : आफन्तको टकरावले दिनभर तनाव, पेशाप्रति असन्तुष्टि, आम्दानीमा गिरावट, अनावश्यक झमेला थपिनेछ ।

वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ, आदर सत्कार पाइने कार्यमा सरिक हुन पाइने, पारिवारिक सहयोग पाइने, प्रेम प्रसँग समधुर ।

धनु : गरेका कार्य अधुरा हुनेछन्, यात्रा तथा कार्यमा बाधा, आफ्नो बारेमा आफन्तलेनै कुरा काट्ने छन् ।

मकर : ठाडाबाट धन प्राप्ति हुन सक्नेछ, नयाँठाउँको भ्रमण गर्दा मनमा आनन्द, राजनीतिक सक्रियता बढ्नेछ ।

कुम्भ : स्वास्थ्यमा खराबी आउन सक्ने, समय विवादित रहनेछ, चोटपटकको भय, नकरात्मक सोचाइले आफैलाई घाटा ।

मीन : यशकीर्ति बढ्ने, शत्रुमाथि विजयी हुने, अधुरा कार्य आज पूरा, पुराना मित्रसंग भेटघाटको अवसर मिल्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

संशोधन जनताको माग हो कि नेताको ?

मधेसकेन्द्रित दल तथा विभिन्न जनजाति पार्टीहरुका मागलाई सम्बोधन गरेर मात्र संविधान कार्यान्वयन गर्न सकिने ठहर गर्दै सरकारले मधेसकेन्द्रित दलहरुलाई मूलधारमा ल्याउन संविधान संशोधन प्रस्ताव दर्ता गरेको छ । प्रमुख प्रतिपक्षी दल एमालेले औचित्य पुष्टि नगरी गरिएको संशोधन प्रस्तावका कारण संसद् र सडक दुवै ठाउँबाट कडा प्रतिवाद गरिरहेको छ । यसबाट संविधान जारी गर्न एकजुट भएका ठूला तीन दलहरु पुनः भीडन्तको गरिरहेका छन् । एमाले संशोधनको प्रतिवादमा उत्रिएपछि मधेसवादी दलहरुले सरकारले संशोधन गर्नका निम्ति उठाएका मुद्दाहरुलाई पहिला मौन समर्थन गरेको तर शाब्दिक वचन नदिएको, बरू नोट अफ डिसेन्ट लेखेर तत्काललाई सहमति जनाउने रणनीति लिएको भए पनि अहिले उनीहरु नै रूष्ट देखिन्छन् ।

विवादरहित ठानिएको पाँच नम्बर प्रदेशलाई तराईबाट अलग गरिएको भन्दै अहिले त्यसको चर्को विरोध आरम्भ भएको छ । माओवादी केन्द्रका नेता टोपबहादुर रायमाझीले नै त्यसको कडा प्रतिवाद गरेका छन् । संसद्मा दर्ता हुनुअगावैदेखि कतिपय विषयहरु बाहिर आएपछि त्यस क्षेत्रका नागरिक दिनहुँजसो विरोधमा उत्रिएका थिए । चार नं प्रदेशअन्तर्गत राखिएको तराई क्षेत्रलाई पाँच नं मा मिसाउन लागिएको भन्दै नवलपुर क्षेत्र पनि आन्दोलित बन्यो । आन्दोलनकै कारण गत मंसिर ५ गते नवलपुर क्षेत्रसमेत बन्द गरियो । नेपाली कांग्रेसको दुई भातृ संगठन नेविसंघ र तरूण दलले संयुक्त रुपमा त्यो बन्द आयोजना गरेका थिए ।

यसैलाई निरन्तरता दिँदै नेकपा एमालेको भातृ संगठन अनेरास्ववियुले पनि त्यसपछि एक घन्टा लोकमार्ग नै अवरूद्ध पाऱ्यो । कसैको चित्त बुझाउन संविधानमै संस्थागत भइसकेका प्रदेशहरुलाई चलाउँदा हलचल हुनु स्वाभाविक भए पनि आमसहमति नबनाई चलाइँदा त्यसमा समस्या सृजना हुनुलाई अन्यथा मान्न सकिन्न ।

दुई नं प्रदेशबाहेक अरु सबै प्रदेशहरुमा थोरै-धेरै हिमाल, पहाड र तराईको मिलन छ । एक नं प्रदेशमा ताप्लेजुदेखि झापा, मोरङ, सुनसरीसम्मको भूभाग अवस्थित छ । तीन नं मा रामेछापदेखि मकवानपुर चितवनसम्मका भूभागहरु छन् । चार नं मा मनाङ, मुस्ताङदेखि तराईको सीमावर्ती क्षेत्रसहितको नवलपरासीअन्तर्गतको नवलपुर क्षेत्र रहेको छ । क्षेत्र नं ५ मा म्याग्दीदेखि कपिलवस्तु रुपन्देही आदि क्षेत्रहरु छन् । छ नं मा कर्णालीका जिल्लादेखि बाँके, बर्दियासम्मका भूभागहरु छन् । सातौं प्रदेशमा बाँकुलादेखि तराईका कैलाली, कञ्चनपुरसम्मका क्षेत्रहरु छन् । यी प्रदेशहरु निर्धारण गरिँदा दलहरुले विशेषज्ञहरुको राय लिइएको दाबी गरेका छन् । तीनवटै भौगोलिक विविधतायुक्त प्रदेशको संरचनाले मात्र देश मजबुद बन्न सक्ने यथार्थ घामझैं छर्लङ्ग भइरहेको परिस्थितिमा प्रदेश नं दुईबाहेकका प्रदेश संरचना सन्तुलित नै प्रतीत हुन्छन् । पहाडसम्म नमिसिएको प्रदेश नं २ पहिचानका दृष्टिले हेर्दा उपयुक्त प्रतीत भए पनि भौगोलिक तथा सामर्थ्यका दृष्टिले उपयुक्त लाग्दैन । हिमाल र पहाडको जल र जडीबुटी तथा तराईको खाद्यान्नबाटै प्रदेश समृद्ध बन्न सक्ने हुँदा २ नं प्रदेश जडीबुटी, जल र खोलाजन्य सामग्रीहरुको अभावमा समस्यामा पर्ने निश्चित छ । हुन त, दल र तिनका नेतृत्वले विज्ञहरुको राय लिइएको भने पनि उनीहरुले विज्ञहरुको रायलाई अक्षरशः अङ्गीकार गरेको पाइँदैन । उनीहरुले पूर्वका भाषा, मोरङ र सुनसरीलाई आफ्नो पकेट क्षेत्र बनाउने आन्तरिक अभीष्टता रहेको स्पष्ट छ । सुदूरपश्चिमको कैलाली र कञ्चनपुर जिल्ला अखण्ड राख्ने विषय पनि केही दल र नेताको स्वार्थानुरुपकै छ भन्ने कुरामा दुईमत छैन । त्यस्तै, मधेसवादी दलहरुले पनि पहाड र हिमालबाट अलग्याई बहुमत आफ्नो तराईको सिट सङ्ख्या पुऱ्याएर सधै राज गर्ने अभीष्टता पालेको स्पष्ट छ ।

हिमाल र पहाडबाट तराईलाई अलग्याउँदा क्रोएसियाकै निर्यात नेपालले पनि भोग्नुपर्ने हो कि ? भन्ने चिन्ता र चासो सर्वत्र विद्यमान छ । फलतः तराई मधेसका नेतृत्वले तराईलाई हिमाल र पहाडबाट अलग्याउन खोजेको र साउथ ब्लकको हर्दसम्मको दबाव पनि यसैमा केन्द्रित रहेकाले नेपाली जनमानसमा यस्तो चिन्ता र चासो बढेको देखिन्छ । जवाहरलाल नेहरू प्रधानमन्त्री भएकै बेलामा नेपालको सार्वभौमिकता कुल्चने प्रयत्न नभएको होइन । उनकी छोरी इन्दिरा गान्धी प्रधानमन्त्री भएका बखत पनि सिक्किमलाई झैं नेपालको सार्वभौमिकता कुल्चने प्रयास भएको हो । तर, भारतको पञ्जाब क्षेत्रमा उठेको भीषण आन्दोलनले उनलाई नेपालको सार्वभौमिकतामा दख्खल दिने अवसर नै प्राप्त भएन । यसको केही वर्षमै उनको हत्या गरियो । यसपछि आएका सरकारले नेपालको सार्वभौमिकतालाई पूर्णतः कुल्चन सकेनन्, बरू यसलाई उपनिवेश बनाएर राख्ने काम गर्दै आए । मोदी सरकारमा आएपछि उनले साम, दाम, दण्ड र भेद नीतिद्वारा नेपालको सार्वभौमिकता कुल्चने प्रयत्न गर्दै आएका छन् । कतिपय भाजपाका नेताले त नाकाबन्दीको अवधिमा निर्के खुल्लमखुल्ला नेपालको सार्वभौमिकता आँच पुग्ने गरी गम्भीर अभिव्यक्ति दिए । यसबाट भारत सरकारको नेपाल नीति मुखमा राम-राम बगलीमा छुरा उखानवत रहेको स्पष्ट छ । उसले नेपालको सर्वोपरि हित चाहेको अभिव्यक्ति दिए पनि वस्तुतः त्यो कतै सिद्ध हुन सकेको देखिँदैन । हो, उसले सडक, पुल, भवन, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा सहयोग गरिरहेको जस्तो देखिए पनि त्यसलाई नेपालको जल, जमिन र जंगल दोहन गरी कैयौं गुणा आफ्नो लाभमा परिणत गर्दै आएको लुकाएर लुक्दैन ।

भारतले भूकम्पका बखत अनपेक्षित सहयोग गऱ्यो, तर संगसंगै ब्वाँसोले झैं आपतको घडीमा लिपुलेक हडप्ने षड्यन्त्र गरी त्यसबाट अनुचित लाभ हासिल गर्ने प्रयत्न गऱ्यो । सप्तरीको भारदह, रौतहट र नवलपरासीको सुस्ता आदि क्षेत्रमा उसले अतिक्रमण गरी चर्चेका कैयौं हेक्टर जमिनको मूल्य हजारौं खरबभन्दा कम छैन । चाकडी गर्नमै रमाउने नेपाली नेतृत्वको मौन सम्मतिले मुलुकलाई रसातलतर्फ धकेलिरहेको छ भन्दा अतिशयोक्ति हुँदैन । आज पनि उसले नेपाली भूमिमाथि गिद्धेदृष्टि लगाइरहेको घामझैं छर्लङ्ग छ । यसर्थ भारत नेपालको हित हैन, मात्र आफ्नो हितको सम्पादन गरिरहेछ। उ नेपालको सार्वभौमिकता सशक्त र उन्नत बनेको देख्न चाहन्न । यसलाई सधैं नबाँच्नु न मर्नुको स्थितिमा रहिरहोस्, ताकि सधैं आफ्नो चाकडी गरिरहोस् भन्ने चाहन्छ ।

उसले सहायता गरेको देखिने तर नेपालले त्याग गरिरहेको उल्लेख नहुने परिस्थिति हाम्रा निम्ति दुर्भाग्य बन्दै आएको छ । कोशी नदीबाट जलदोहन, कमला, गण्डकी र शारदा नदीको दोहन, चुरे दोहनलाई हेर्दा यथार्थ छर्लङ्ग हुन्छ । नेपालका सम्पूर्ण उद्योगधन्दा सुकाएर एकतर्फी रुपमा गरिँदै आएको नेपाल-भारत व्यापारले नेपाललाई परनिर्भर मात्र नबनाई यसलाई उखुको बोकासरह तुल्याइरहेको छ । यस स्थितिमा उसले गरेको सहयोग कयौं गुणा कम छ । अहिले भारतबाट तयार पारिएको पञ्चेश्वरको डीपीआर पूर्णतः असमान छ । यो डीपीआर स्वीकृत हुने हो भने नेपालले ३० प्रतिशत पनि जल उपभोग गर्न पाउन्न । हाम्रो आफ्नै पानीमाथि उसले दावी गरिरहेको पानीको मात्रा सम्मानजनक नभई दया र कृपापूर्वक दिइएको जस्तो छ ।

डा. धनपती कोइराला

भारतमा काबेरीको जलको विषयलाई लिएर हरेक वर्ष दुई प्रान्त आपसमा सङ्घर्ष गर्दै आएका छन् भने उसले नेपालबाट पनि झन्डैझन्डै सितैमा लैजै छ । यस विषयमा जलस्रोत विज्ञ र नेताहरुले विकाउ नभई देश र जनताका पक्षमा काम गर्नुपर्छ । भारतले मधेसी दलहरुमार्फत हुलिँदिएको सङ्घियतालाई भूतले यो मुलुकको हित गर्नेछैन । अझ सही पुनर्संरचना हुन नसकेमा यसले भविष्यमा कहालीलाग्दो दुर्दशा निम्त्याउला भन्न सकिन्न । यहाँ पनि जल, जडीबुटी र वनपैदावरजस्ता विषयमा दुई प्रान्तबीच विवाद नहोला भन्न सकिन्न । यसर्थ, संशोधन कसका लागि र केका लागि ? भन्ने तीतो यथार्थ रहेको अवस्थामा भविष्यमा आउने सम्भावित विवादका विषयहरुमा अहिले नै समाधान खोज्नु बुद्धिमानी हुनसक्छ । हुन त, मंसिर ९ गते बारामा पतञ्जली योगपीठले ठूलो औद्योगिक प्रतिष्ठान खोलेको छ । त्यहाँ आयोजित सभालाई सम्बोधन गर्दै योगगुरू रामदेवले नेपालको स्वाभिमान र सार्वभौमिकता बलियो बन्न सबै हिमाल, पहाड र तराईबासी जनता एक हुनुपर्ने राय प्रकट गरे । यो उनको ऋषिमन हो । यसले सुदूर भविष्यसम्मै सकारात्मक निरन्तरता पाओस् । अन्यथा, मोदीले झैं जनमत बटुल्न मात्र गरिएको प्रायोजित नाटक भए यसले पनि नेपाली समाजलाई लामो समयसम्म प्रभाव पार्नेछ ।

यद्यपि, सीमाइनको विषय प्रायोजित भएको एमालेका अध्यक्षको तर्क छ । उनले तत्काल संशोधन नभई संविधान कार्यान्वयनमा जानुपर्ने तर्क अघि सारेका छन् । हालसालै एक बनेको राप्रपा पाटीले संशोधन गर्ने विषयमा प्रस्ट विमति प्रकट गरेको त छैन, तर सबै दलहरुको छलफल र सहमतिमै संशोधन कार्य अघि बढाउनु पर्ने राय प्रस्तुत गरेको छ । राजनीतिक दृष्टिले यो विषय पेचिलो पनि छ, यथार्थ केही राजनीतिक विश्लेषकहरुले प्रदेशहरुको सीमा हेरफेर गर्नुपरेमा वा संविधान संशोधन गर्नुपरेमा जनमतसङ्ग्रहबाट मात्र गर्न सकिने राय व्यक्त गरेका छन् ।

सिंगो पार्टी एमाले, विजयकुमार गच्छदार, टोपबहादुर रायमाझीजस्ता प्रभावशाली पार्टी र नेतागणले दिइरहेको चेतावनीयुक्त संकेतलाई अनदेखी गर्नु पनि उपयुक्त हुन्न । वर्तमानमा रहेका सातवटा प्रदेशहरुलाई नचलाएको सन्दर्भमा आंशिक रुपमा उपयुक्त हुन सक्तछ । चलाउने परेमा त्यहाँ जनताको राय लिई वा जनमतसंग्रह गरेर मात्र अघि बढ्नुपर्छ । कतै खास वर्ग, जाति र भाषाभाषीको झगडा मिलाउन सके पनि एउटा मिलन-बिन्दु हुन सक्तछ । यस सन्दर्भमा मेरो गोरूको बाँही टक्का भन्ने हठ उपयुक्त देखिँदैन ।

नागरिकताका सन्दर्भमा अङ्कीकृत नागरिकता लिएका कुनै पनि नागरिकलाई दस वर्ष पछि होस् या बीस वर्ष, जतिसुकै वर्षपछि पनि कुनै पनि सवैधानिक पदमा बहाल हुन नदिइने प्रावधान राख्नु नै श्रेयस्कर हुन सक्तछ । भाषाका सवालमा भाषिक आयोग वनिसकेको सन्दर्भमा उसले प्रस्तुत गर्ने प्रतिवेदन नै मान्य हुने भएपछि त्यसमा अहिल्यै यही भन्नु मुनासिब हुन्न । तापनि, नेपालमा मातृभाषाका रुपमा बोलिने मैथिली, मगर, राई, भोजपुरी आदि कुनै भाषालाई पनि सम्पर्क तथा कार्यालयीय भाषाका रुपमा अङ्गीकार गर्नु उपयुक्त हुन सक्तछ । राष्ट्रिय सभाका सन्दर्भमा पनि भूगोल, जनसंख्या आदिका आधारमा हिमाल, पहाड र तराईको प्रतिनिधित्व सुनिश्चित हुने गरी संविधान संशोधनको प्रस्ताव लैजानु उपयुक्त हुन सक्तछ ।

संसद्बाटै बलियो राष्ट्रिय एकता देखाऊ

जनताका प्रतिनिधिले छलफल गरेर जनभावनाअनुसार राज्य सञ्चालनका लागि आवश्यक नियम, कानुन बनाउने र समयानुकूल निर्देशन दिने प्रक्रियालाई निरन्तरता दिन आवधिक निर्वाचनबाट संसद्को गठन हुन्छ हो । संसदीय व्यवस्था उल्लेखित प्रक्रियालाई जस्तोसुकै हालतमा पनि निरन्तरता दिने राजनीतिक पद्धति हो । जनभावना गतिशील, विकासशील हुन्छ र समयानुकूल परिवर्तन हुन्छ भनेर नै संसद्को निश्चित कार्यकाल तोकिएको हुन्छ । यसैले संसद्ले ताजा जनभावनाको प्रतिनिधित्व गर्छ भन्ने विश्वास गरिन्छ ।

देश अहिले गम्भीर परिस्थितिमा छ । समयमै उचित निर्णयमा पुगी जनआवाजका सम्बोधन नगर्ने हो भने परिस्थिति नियन्त्रण बाहिर जान र अराजकताले प्रश्रय पाउन सक्छ । त्यो सँभाव्य अराजकतालाई रोकेर परिस्थितिलाई नियन्त्रणमा राख्न समस्याको पहिचान गरी तिनमा व्यापक बहस, छलफल र निष्कर्ष भेट्ने प्रक्रियालाई गतिशील बनाउनुपर्छ । त्यो भनेको संसदीय बहस र छलफललाई व्यापक बनाउनु नै हो । जनतालाई हाम्रा सरोकारमा हाम्रा प्रतिनिधिले छलफल गरिरहेकै छन् भन्ने सन्देश निरन्तर दिइरहन हो । संसद्मा हुने औपचारिक र परम्परागत छलफल पनि यसका लागि पर्याप्त हुँदैनन् । संसदभित्र उपसमितिहरू बनाएर समाधानका विन्दु पहिल्याउने गरी गृहकार्य गर्न अधिकारसहित अगाडि बढ्नु पर्ने देखिन्छ । संसदीय पद्धतिलाई बलियो, परिणाम दिने खालको र आकर्षक बनाउन अनुभवले सिकाएका विधि अवलम्बन गर्नुपर्छ । संसदीय पद्धतिलाई परम्परागत यान्त्रिकतामा सीमित नबनाई जीवन्त बनाउन पर्छ ।

यसरी निकास खोज्न प्रमुख दलहरू गम्भीर भएर मुलुकलाई निश्चित गति दिनेतर्फ अविलम्ब अग्रसर हुन आवश्यक छ । त्यसका लागि संसद्मा आवश्यक छलफल गर्दै निकासमा पुग्न जरुरी छ । दलका शीर्ष भनिने नेताले संसद्बाहिरै कोठे बैठकमा निर्णय गरे पनि ती निर्णयलाई संसद्बाट अनुमोदन गराउने पर्ने हो भने त्यस्ता छलफल संसद्मै किन नगर्ने ? अहिले देखिएका समस्यालाई दलगत राजनीतिक स्वार्थभन्दा माथि उठेर हेर्नु र सम्बोधन गर्नुपर्ने अवस्था छ । देश बलियो राष्ट्रिय एकता निर्माणको दिशामा उन्मुख छ र त्यस एकताले बाह्य हस्तक्षेपलाई निस्तेज पारी नागरिक आवाजलाई सम्बोधन गर्न सक्षम हुनेछ भन्ने सन्देश तत्काल दिइनु आवश्यक छ ।

आफ्नामात्र राष्ट्रवादी ठान्ने र अरूको उछित्तोमात्र काढ्ने प्रवृत्तिले बलियो राष्ट्रिय एकता निर्माण हुन सक्तैन । आपसी विश्वासका आधारमा छलफलको टेबलमा बसी समस्या समाधान गर्नु पर्ने हुन्छ । त्यो टेबल पनि संसद् हो । संसद्बाट निर्णय लिने र एकता प्रदर्शन गर्ने प्रवृत्तिलाई पछिल्लो समयमा कमजोर बनाईदै गएको छ । संसदीय पद्धतिको बलियो पक्षधर आफूलाई मात्र ठान्ने नेपाली कांग्रेससमेत यस सन्दर्भमा धेरै ठाउँमा चुक्दै गएको छ । मुख्य 'स्टेक होल्डर' नै उदासीन भएपछि संसदलाई बलियो बनाई नागरिक आवाजको वैधानिक सुनुवाइ गर्दै निकासको मार्गमा हिड्ने एउटा महत्वपूर्ण प्रक्रिया नै अलपत्ता पर्दो नै देश अस्थिरता, भागवन्डा अनि नेताहरूको मनपरीको सिकार हुनुपरेको हो । यस तथ्यलाई घटनाक्रमले पटक-पटक पुष्टि गर्दै आएका छन् ।

तसर्थ, अब त्यो संस्कृति त्यागेर संसद्बाटै समस्याको समाधान खोज्ने दिशामा अगाडि बढ्नुपर्छ । पार्टी पार्टीबीचको भागवन्डा, पार्टीभित्र गुटगुटको भागवन्डा गर्दा असल, क्षमतावान पात्र राजनीतिको नेपथ्यमा पनि सुनिन छाड्दैछन् । यस अवस्थाबाट मुलुक गुज्रँदा त्यसको प्रत्यक्ष हानी बेहोर्ने नागरिकले नै हो । संसद्प्रति उत्तरदायी हुने, संसद्मा हरेक कुरा पारदर्शी ढंगले प्रस्तुत गर्ने र केही समस्या भए त्यहींबाट समाधान खोज्ने विषयमा सरकार प्रतिवद्ध हुनुपर्छ । संसद्ले यसका लागि सरकारलाई रचनात्मक दबाव दिन 'पो एक्टिभ' हुन सक्नुपर्छ । त्यस्तै संसद्मा प्रतिनिधित्व गर्ने दलहरूले पनि समस्या संसद्भित्रै लगेर छलफल चलाउने संस्कृतिको विकासमा जोड दिनुपर्छ ।

विडम्बना, मुलुक गंभीर परिस्थितिमा छ भने अहिल्यै संसद् अवरुद्ध पारिएको छ । संसद्मा संविधान संशोधनका लागि प्रस्ताव दर्ता भएको छ । यो सडक तताउने विषय हैन । बरु, संसद्मा गंभीर बहस गरेर दीर्घकालीन असरसमेत खोतलेर छलफल हुनुपर्ने विषय हो । त्यस्तै लोकमानसिंह कार्की माथिको महाभियोग प्रस्ताव पनि छलफलकै क्रममा छ । समयमै तीन तहको निर्वाचन सम्पन्न गर्न संसद्ले कानुन निर्माण गर्नुपर्नेछ । यति महत्वपूर्ण विषयबरू अविलम्ब किनारा लगाउनु पर्नेछ ।

यस्तो बेलामा अहिले प्रमुख विपक्ष एमाले संसद् अवरुद्ध गरी सडकमा रमाउन चाहिरहेको छ । अहिलेको गंभीर परिस्थितिका सन्दर्भमा एमालेले आफ्ना धारणा जनसमक्ष लैजानै पर्छ । त्यो स्वाभाविक पनि हो । सरकारका कमजोरी र गलत निर्णयको पर्दाफास गर्दै जनमत निर्माण गर्नु प्रतिपक्षी दलको धर्म र दायित्व दुवै हो । तर, त्यसका लागि संसद् अवरुद्ध गर्नु पर्दैन । कम्तीमा एमालेले के विश्वास गर्नुपर्छ भने यो संसद्ले उसले भन्ने गरेको जस्तो कुनै पनि 'राष्ट्रघाती निर्णय' गर्दैन । संसद्ले जनआवाजलाई मुखरित गराई त्यसतर्फ सिंगो राज्यको ध्यान खिच्ने सामर्थ्य राख्छ । यही विश्वासका साथ संसद्मा उपस्थित हुने हो प्रतिपक्ष । हडबड र दबाबमा गलत निर्णय हुन लागेमा संसद् केही समय सांकेतिकरूपमा अवरुद्ध गर्नुपर्ने पनि हुनसक्ला । तर, अहिलेको परिस्थिति त्यो होइन । संसद्लाई विश्वासमा गरेर बहस थाल्ने र त्यो बहसलाई बलियो बनाउन जनप्रदर्शन समेत गराउन सुहाउँछ । तर, संसद् अवरुद्ध गरी सडकमा टायर बाल्ने काम शोभनीय हुँदैन । तसर्थ, संसद् सुचारु गरी बलियो राष्ट्रिय एकता प्रदर्शित गर्नेतर्फ एमाले अग्रसर हुनुपर्छ । प्रतिपक्षलाई विश्वास दिलाउँदै बलियो राष्ट्रिय एकता निर्माणको अगुवाइ सरकारले गर्नुपर्ने हो । सरकार पनि यो दिशामा उन्मुख हुन जरुरी छ । संसद्बाट बलियो एकता प्रदर्शित भयो भनेमात्र बाह्य हस्तक्षेप रोक्ने र आन्तरिक निर्णयका आधारमा चल्ने प्रवृत्तिको विकास हुन्छ ।

विपुल पोखरेल

यसरी पाउन सकिन्छ निःशुल्क उपचार सेवा

गोल्डेन न्युज संवाददाता
काठमाडौं २७ मंसिर ।

सरकारले विपन्न, असाहय तथा बेवारिशे विरामीलाई निःशुल्क स्वाथ्य सेवा प्रदान गर्ने भएको छ । स्वास्थ्य मन्त्रालयले सोमवार पत्रकार सम्मेलनको आयोजना गरी नेपालमा सञ्चालनमा रहेका सम्पूर्ण निजी, गैरसरकारी, शिक्षण अस्पताल, सरकारी नर्सिङ होमबाट निःशुल्क स्वास्थ्य सेवा प्रदान हुने जानकारी दिएको हो । स्वास्थ्यमन्त्री गगन थापाले नेपालमा सञ्चालनमा रहेका सम्पूर्ण निजी, गैरसरकारी, शिक्षण अस्पताल, सरकार नर्सिङ होमले अनिवार्यरुपमा निशुल्क स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जानकारी दिए । सुशासन ऐन २०६४ को दफा ४५ र स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धि निर्देशिका २०७० बमोजिम मन्त्रालयले सो व्यवस्था गरेको हो ।

निर्देशिका अनुसार सम्पूर्ण निजी स्वास्थ्य संस्थाहरुले कुल शैयाको १० प्रतिशत शैयामा निःशुल्क उपचार प्रदाव गर्नुपर्ने छ भने त्यसका लागि फारमहरु निर्माण गरी यसअघि नै सबैलाई पठाइसकिएको छ । सो अनुसार नीजि स्वास्थ्य संस्थाको संगठन (एपीएचआइएन) ले समेत निःशुल्क उपचार गराउने प्रतिवद्धता जनाइसकेको छ । सरकारले गत कार्तिक १३ गते नै गरिब, असहाय, अपांगता लगायतकाको उपचार सेवामा १० प्रतिशत छुट दिन सार्वजनिक सुचनानै निकालेको थियो । त्यसको कार्यान्वयन नभएको भन्दै सेवाग्राहीले गुनासो गरेपछि मन्त्री थापाले त्यसको कार्यान्वयन लाई प्रभावकारी बनाउने गरी अभिलेख राख्ने व्यवस्था गरिएको पनि स्पष्ट पारे ।

निःशुल्क स्वास्थ्य सेवा पाउने सेवाग्राही को ?

मन्त्री थापाका अनुसार विपन्न, बेवारिशे र असाहाय व्यक्तिहरुले त्यस्तो सेवा पाउने छन् । यस्तै जेष्ठ नागरिक, एकल महिला तथा अपांगता भएका व्यक्तिहरुले पनि त्यस्तो सुविधा प्राप्त गर्नेछन् ।

सो सुविधा प्राप्त गर्नका लागि स्थानीय प्रशासनबाट रिफारिस पत्र ल्याउनु पर्नेछ । मन्त्री थापाले निजी अस्पतालहरुले सेवा शुल्कमा १० प्रतिशत छुट दिए नदिएको जानकारी सम्बन्धित जिल्लाका गाविस, नगरपालिका, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला प्रशासन कार्यालयले अनुगमन गर्ने व्यवस्था मिलाइएको पनि उल्लेख गरे ।

निःशुल्क सेवा के-के ?

निशुल्क सेवामा चिकित्सक परामर्श, पयोगशाला, नर्सिङ, अस्पतालमा उपलब्ध डाइगनष्टिक, अक्सिजनलगायत उपलब्ध हुनेछ ।

सेवा अनुगमन सुचकहरु

-अस्पतालले विरामीलाई स्वयम् घोषणा फाराम भराई त्यसको रेकर्ड सम्बन्धित निकायमा पठाइएको हुनेछ ।

-विरामी भर्ना हुनासाथ 'विपन्न र असाहय विरामीको लागि निःशुल्क शैया' लेखेको स्टिकर शैयामा टाँसिएको हुनेछ ।

-विरामी सूचनाबोर्डमा अस्पतालमा निःशुल्क उपचाररत विरामीहरुको विवरण राखिएको हुनेछ ।

मन्त्रालयका अनुसार कुल शैयाको १० प्रतिशत शैयामा निशुल्क उपचार सेवा प्रवाहको लागि सार्वजनिक सूचना प्रवाह भइसकेको छ भने मन्त्रालय मातहतका निकायमा कार्यान्वयनका लागि परिपत्र भइसकेको छ । सो कार्यान्वयन भए नभएबारे कार्यान्वयन इकाइले अनुगमन गर्ने मन्त्री थापाले जानकारी दिए ।

यस्तै सेवासम्बन्धी गुनासो सम्बन्धित जिल्ला जनस्वास्थ्य/ स्वास्थ्य कार्यालय, क्षेत्रीय स्वास्थ्य निर्देशानलय, स्वास्थ्य सेवा विभाग र स्वास्थ्य मन्त्रालयको गुनासो व्यवस्थापन इकाइमा राख्न सकिने पनि मन्त्रालयले जनाएको छ ।

सेवाग्रही को ?	सिफारिस गर्ने कस्ले ?	निशुल्क सेवा के के ?
• विपन्न, बेवारिसे र असाहाय	• गा.वि.स./नगरपालिका वा	• चिकित्सक परामर्श शुल्क
• ज्योष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका	• जि. वि.स.वा,	• प्रयोगशाला शुल्क
	• जिल्ला प्रशासन कार्यालय वा,	• शैया शुल्क
	• जिल्ला जनस्वास्थ्य कार्यालय वा,	• नर्सिङ्ग शुल्क
	• स्वास्थ्य मन्त्रालय वा,	• अस्पतालमा उपलब्ध डाईगनस्टिक शुल्क
	• काठमाडौंको हकमा बिर अस्पताल समेत	• अक्सिजन

भीरकोटमा पहिलो पटक महोत्सव

गोल्डेन न्युज संवाददाता
पोखरा २७ मंसिर ।

स्याङजाको भीरकोटमा पहिलो पटक महोत्सव हुने भएको छ । केहि महिना अघि नगरपालिका घोषित भीरकोट नगरपालिकामा गठन भएको भीरकोट उद्योग वाणिज्य संघले महोत्सव आयोजना गर्न लागेको हो । आगामी पुस ८ देखि १८ गतेसम्म भीरकोट नगरपालिका-१ स्थित सिसौघारी मैदानमा हुने महोत्सव बारे आईतबार पोखरामा पत्रकार सम्मेलन मार्फत जानकारी दिइएको हो । स्थानीय प्रतिभा पष्फुटन सहित स्थानीय स्तरमा उत्पादित वस्तुको प्रबर्द्धनमा जोड दिने गरी महोत्सव आयोजना गरिएको आयोजक संस्थाले जनाएको छ ।

११ दिनसम्म चल्ने महोत्सवमा औद्योगिक व्यापार मेला, बाल उद्यान, सांस्कृतिक कार्यक्रम तथा भेषभूषा प्रदर्शनी, विद्यालयस्तरीय नृत्य प्रतियोगिता, लोकदोहोरी गीत प्रतियोगिता, कृषि मेला, पशुपक्षीको बिक्री एवं प्रदर्शनी, सुन्तला प्रदर्शनी लगायत समावेश गरिएको संघका अध्यक्ष एवं महोत्सव संयोजक हर्क गुरुङले जानकारी दिए । महोत्सवमा विभिन्न प्रकृतिका भण्डै एक सय ५० स्टल रहने आयोजकले जनाएको छ । महोत्सव अवधिभर भण्डै तीन करोडको आर्थिक कारोबार हुने र झण्डै साढे दुई लाख दर्शक भित्याउने लक्ष्य छ ।

मेला पूर्वेशका लागि सर्वसाधारणलाई ५० र विद्यार्थीका लागि ३० रुपैयाँ टिकटदर कायम गरिनुको साथै मेला अवधिभरका लागि पाँच सय रुपैयाँको प्रवेश पासको समेत व्यवस्था गरिएको छ । महोत्सव सम्पन्न गर्न ६८ लाख ७५ हजार रुपैया खर्च हुने र सोहि बराबरको आम्दानी हुने अनुमान छ । महोत्सवबाट रकम बचत हुन आएमा सोहि क्षेत्रको कृषि, पर्यटन, खेलमैदानको स्तरबृद्धिमा खर्च गर्ने आयोजकले जनाएको छ ।

मेलामा आयोजित रत्यौली गीत प्रतियोगितामा पहिलो हुनेलाई १५ हजार, दोस्रोलाई १०, तेस्रो हुनेलाई पाँच तथा सान्तोना स्थान प्राप्त गर्नेलाई तीन हजार रुपैया पुरस्कार प्रदान गरिने महोत्सवका सास्कृतिक संयोजक तुलसी प्रभासले जानकारीदिए ।

त्यस्तै खुल्ला गजल वाचन प्रतियोगितामा पहिलो हुनेलाई १० हजार, दोस्रोलाई ७, तेस्रो हुनेलाई पाँच र सान्तोना हुनेलाई तीन हजार नगद पुरस्कार प्रदान गरिनेछ । महोत्सवको अवसरमा अगुवा उत्कृष्ट किसान छनौट गरी सम्मान समेत गरिने आयोजकले जनाएको छ । उत्कृष्ट किसान तर्फ पहिलोलाई १० हजार, दोस्रोलाई ७, तेस्रोलाई ५ र सान्त्वनालाई एक हजार नगद पुरस्कार सहित सम्मान गरिनेछ ।

विद्यालय स्तरीय लोकनृत्य प्रतियोगितामा पहिलो हुनेलाई १५ हजार, दोस्रोलाई १० हजार, तेस्रोलाई पाँच र सान्तोना हुनेलाई दुई हजार रुपैया प्रदान गरिनेछ । क्लब स्तरीय लोकनृत्य तर्फ पहिलो हुनेले २० हजार, दोस्रोले १५, तेस्रोले १० र सान्त्वना हुनेले पाँच हजार रुपैया नगद पुरस्कार प्राप्त गर्नेछन् । महोत्सवमा अबसरमा प्रदर्शन गरिने संस्कृति, झाकी तथा भेषभूषा तर्फ पहिलो हुनेलाई पाँच हजार, दोस्रोलाई तीन हजार र तेस्रो हुनेलाई दुई हजार रुपैया प्रदान गरिनेछ ।

महोत्सव सम्पन्न गर्न मुल आयोजक समिति सहित विभिन्न उपसमिति गठन गरी तयारी तिब्र पारिएको संघका महासचिव कमल विकास त्रिपाठीले जानकारी दिए । नगरपालिका घोषणा भएपछि गठन भएको भिरकोट उद्योग वाणिज्य संघमा भण्डै पाँच सय सदस्य छन् ।

अपाङ्गताको पीडाबारे वृत्तचित्र

पोखरा २७ मंसिर ।

सबै अपाङ्गले सम्मानपूर्वक बाँच्न पाउनुपर्छ भन्ने उद्देश्यका साथ अपाङ्ग मैत्री पंचत्र सेवा संघ काठमाडौंले तयार पारेको अपाङ्गताको पीडा विषयक वृत्तचित्र प्रदर्शन गरिने भएको छ ।

कास्की, मुस्ताङ, म्यादी, लुम्बिनी, काठमाडौंलगायतका जिल्लामा अपाङ्ग भई सडकमै कप्टकर जीवन बिताउँदै आएका पाबलाई कैद गरी ३५ मिनेटको वृत्तचित्र तयार पारिएको संघका अध्यक्ष रामबहादुर रसाइलीले बताए । छन्त्याल समाज घर नदीपुरमा प्रदर्शन गरिने उक्त वृत्तचित्र निर्माणका लागि भण्डै एक वर्षको समय र तीन लाख लागत लागेको संघका सचिव टेकप्रसाद लामगाडेले बताए । सम्पूर्ण सहयोगी दाताको शुभेच्छा, शुभकामनाबाट वृत्तचित्र तयार भएको र एक पटक हेरेर सबैलाई सहयोग गर्नका लागि संस्थाले अपिल गरेको छ ।

उक्त वृत्तचित्रमा सुमन श्रापितको कथा, बीबी अनुरागीको संगीत संयोजन, दिव्या नेपालीको आवाज र प्राध्यापक गणेश बरालको अंग्रेजी रुपान्तरण गरेर सहयोग गरेका छन् । वृत्तचित्र निर्माणमा दालमति लामगाडे, टेकप्रसाद लामगाडे, ज्ञानबहादुर छन्त्याल, सपना रसाइलीलगायतको भूमीका पनि रहेको छ । २०७२ सालमा स्थापना भएको संस्थाले अपाङ्गताता भएकाहरुको हकहितका लागि विभिन्न कार्यक्रम गर्दै आएको छ ।

पोखरा-९ मा सर्वदलीय बैठक

गोल्डेन न्युज संवाददाता
पोखरा २७ मंसिर ।

पोखरा-९ मा क्रियाशील राजनीतिक दलका प्रमुखहरुको सर्वदलीय बैठक सोमबार सम्पन्न भएको छ । बैठकले आगामी पौष १ गते हुन गइरहेको वडा स्तरीय योजना तर्जुमा गोष्ठीमा बडाको विकास एवं सामाजिक कार्यको विषयमा बडावासीहरुले ल्याएका योजनाहरुलाई प्राथमिकताका आधारमा समावेश गर्न पहल गरिने निर्णय गरेको छ । बैठकमा नेपाली कांग्रेस बडा ईकाई सभापति उमा ठकुरी, नेकपा एमाले पोखरा ९ का अध्यक्ष प्रकाश शर्मा, नेकपा माओवादी केन्द्र पोखरा ९ का अध्यक्ष बमबहादुर काकी, राप्रपा नेपाल पोखरा ९ का अध्यक्ष नुरप्रसाद गौतम लगायतले बोलेका थिए । नेकपा एमाले बडा कमिटी-९ का अध्यक्ष प्रकाश शर्माको अध्यक्षतामा सम्पन्न भएको बैठकलाई नेकपा माओवादी केन्द्र पोखरा ९का सचिव दिनेश दाहालले सहजीकरण गरेका थिए ।

विमानस्थल...

अधिग्रहण हुने भएको छ । विमानस्थलका लागि यप जग्गा आवश्यक परेकोले विमानस्थलको वरपरको एक सय ७ रोपनी क्षेत्रफल अधिग्रहण हुने भएको नेपाल नागरिक उड्डयन प्राधिकरणका इन्जिनियर प्रदिप अधिकारीले बताए । विमानस्थलको वरिपरि १० मिटरको सडक निर्माण गर्ने भएकोले नेपाल नागरिक उड्डयन प्राधिकरणको योजना भएको प्राधिकरणका इन्जिनियर प्रदिप अधिकारीले बताए । उनले भने- 'अन्तर्राष्ट्रिय विमानस्थलसंग नजिक रहेर निर्माण भएका केहि घरहरु भएको अवस्थामा विमानस्थलको वरिपरि सडक आवश्यक भएकोले विमानस्थल वरिपरि केही जग्गा आवश्यक हुने मुख्य तीन कारणले गर्दा जग्गा अधिग्रहण हुने भएको हो ।' अर्को कुनै योजना नआउँदा सम्मको अन्तिम पटक उक्त जग्गा अधिग्रहण हुने भएको उनले बताए । उक्त जग्गा अधिग्रहणका लागि सर्भेको काम सकिएकोले केहि प्रक्रिया पुऱ्याएर प्राधिकरणले सूचना जारी हुने बताए । जग्गा अधिकरण गर्नका लागि एक अर्ब बजेट विनियोजना भएको उनले बताए ।

रिभान गाविस पनि पूर्ण खोप सुनिश्चित

गोल्डेन न्युज संवाददाता
पोखरा २७ मंसिर ।

कास्कीको रिभान गाविसलाई एक समारोह बीच पूर्णखोप सुनिश्चित गाविस घोषणा गरिएको छ । रिभान सहित कास्कीका २९ वटा गाविस पूर्णखोप सुनिश्चित भै सकेका छन् । गाविस सचिव एकनाथ पौडेलको अध्यक्षता सम्पन्न कार्यक्रमको प्रमुख अतिथि सांसद सीता गिरी ओली रहेकी थिइन । जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका प्रमुख दिनेश कुमार चापागाई समेत सहभागी कार्यक्रममा सांसद सीता गिरी ओलीले पूर्ण खोप सुनिश्चितको प्रतिवद्धता व्यक्त गराएकी थिइन ।

कार्यक्रममा सांसद ओली, जिल्ला जनस्वास्थ्य प्रमुख दिनेश कुमार चापागाई, विश्व स्वास्थ्य संगठनका डा. उषा किरण, पूर्व *करिब २१ अर्ब ६१ करोडको आयोजना भए पनि त्यसमा सरकारले यप ४ अर्ब बराबरको केही काम गर्दै गरेको समेत उनले बताए ।*

जि.वि.स. सदस्य गोपाल गिरी, राजनीतिक दलका तर्फबाट ने.क.पा. माओवादी केन्द्रका देवीलाल लामिछाने, छिमेकी स्वास्थ्य संस्थाहरुका तर्फबाट लाहाचोक स्वास्थ्य चौकीका प्रमुख तेजाखर लम्साल, रेडक्स प्रतिनिधि टिकाराम लामिछाने, महिला सशक्तिकरणका उपाध्यक्ष भगवती गुरुङ, महिला स्वास्थ्य स्वयंसेविका होम कुमारी गुरुङ लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालयका खोप अधिकृत एकनारायण लम्सालले पूर्णखोपको आवश्यकता र महत्वमाथि प्रकाश पारेका थिए । कार्यक्रममा स्वास्थ्य चौकी प्रमुख विवेक कुमार चौधरीले पूर्णखोपको प्रतिवेदन पेस गरेका थिए भने स्वास्थ्यचौकी का सि.अ.हे.व. जनकराज पौडेलले स्वागत गरेका थिए ।

स्थानीय सामाजिक विकास कोषका सचिव शिव प्रसाद भुसालले संचालन गरेको कार्यक्रममा महिला स्वास्थ्य स्वय सेविकाहरु र पूर्णखोप सुनिश्चित गाविस बनाउनमा योगदान गर्ने स्वास्थ्यकर्मीहरुलाई सम्मान तथा प्रशंसा पत्र प्रदान गरिएको थियो ।

पुम्दीकोट...

बताए । उनले भने-'आर्थिक सहयोग जुटाउनेबेखि केन्द्रबाट समन्वय गरी उक्त अभियान सफल पार्न हामी तयार छौं ।'

जनमोर्चा नेपालका केन्द्रीय उपाध्यक्ष शंकर बरालले समावेशीकरण गरी पुम्दी क्षेत्रकै कृषत हित हुने गरी गुरुयोजना हुनु पर्नेमा जोड दिए । महादेवको मूर्ति बनाउने अभियानमा आफूहरु पनि कटिबद्ध रहेको भन्दै पोखरामा आएका पर्यटकहरुको बसाई लम्बाउने अभियानमा पुम्दी क्षेत्रमा यस्ता संरचनाले थप मद्धत पुग्ने विश्वास व्यक्त गरे नेकपा क्रान्तिकारी माओवादीका जिल्ला प्रतिनिधि राम्जी थापाले विज्ञानको युगमा महादेवको मूर्तिको विकल्प खोज्न आग्रह गरे । उनले महादेवकै मूर्ति बनाउने अएपनि त्यसमा आफूहरुको पूर्ण सहयोग रहने स्पष्ट पारे ।

ईन्जिनियर बाबुराम बरालले पुम्दीकोटमा निर्माण हुने उक्त महादेवको विशाल मूर्तिको बारेमा जानकारी गराएका हुन् । रौतहटका प्रमुख जिल्ला अधिकारी तथा पुम्दीका स्थानीय नरहरि बरालले पुम्दीकोट प्राकृतिक हिसाबले निकै मनमोहक भएपनि धेरै वर्षदेखि गुमनाम भएको भन्दै यस क्षेत्रको प्रचार-प्रसारमा जोड दिनुपर्ने बताए । उनले सबै क्षेत्रबाट सहयोग जुटाएर महादेवको मूर्ति बनाउने अभियानलाई सफल पार्न आग्रह गरे । उनले भने-'यो ऐतिहासिक तथा धार्मिक पर्यटनको गन्तव्य हुन सक्छ, त्यही अवधारणमा अब सबै जागरुक हुनुपर्दछ, आ-आफ्नो क्षेत्रबाट सकेको सहयोग सबैबाट भएमा अभियान सफल हुन्छ ।'

समितिका अध्यक्ष चन्द्रकान्त बरालको अध्यक्षतामा भएको कार्यक्रममा स्थानीय मित्रलाल बराल, सचिव प्रकाश बराल लगायतले बोलेका थिए । परम्परादेखि महिलाहरुको महान पर्व हरितालिका जित पर्व र महाशिवरात्रिको दिनमा विशेष पूजा हुने उक्त स्थान पर्यटकीय र धार्मिक दृष्टिकोणले महत्वपूर्ण हुने भएकाले मूर्ति स्थापना अभियानमा आफूहरु जुटेको समितिका अध्यक्ष बरालले बताए । पुम्दीकोटको बृहत् योजना पाँच वर्षको भएको जानकारी दिदै संयोजक बरालले उक्त प्रोजेक्ट सफल पार्न करिब २१ करोड लागत लाग्ने बताए ।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

खुशीको खबर !

के तपाईलाई लागोभागो भई छेवैमा गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गड्डो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, बाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरव्याचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५४५४

"रंगहरुको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगशेगटका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल इस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की

डिलरः एशियन पेन्ट

नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिकः खाना रुचि नहुने, अमिलो पानी आउने, भूसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

योन समस्याः सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या

महिलामारी गड्वढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरताः- कालो चार्यो पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुहुली पातलो शरिरको तौलि बलछने साथै मोटो पनि घटाउने ।

थप उपचारः- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मत्स्यिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२५५५८, मो. ९८४६९३७४१८

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर

Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रियस्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तरवार्तामा तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।

हाम्रो विशेषताहरु :

- ❖१००% उत्तीर्ण गराउन सफल।
- ❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
- ❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
आर्मोर ग्रुप सेक्युरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :- तयारी कक्षा घमाइलमा चलिरहेको छ ।

- ❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट पोशेस गराईने ।
- ❖१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

सम्पर्क **फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला सँगै
फोन:०६१-५४०२५, मो. ९८४६०१९४९२

पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)

- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको घिरा हटाउन।
- केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन स्प अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्ने, सस्ती सुधा पेनसिल।

नपुंसकता, शिघ्रपतन, कमजोरी, थकाई, हर्बल औषधिद्वारा सफल उपचार गरिन्छ । यौन समस्या भएका पुरुष तथा महिलाहरु एक पटक अवश्य सम्पर्क गर्नुहोस् ।

❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

सराङ्गकोट बहुउद्देश्यीय सहकारीको वार्षिकोत्सव

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ मंसिर ।

पोखराको न्यूरोडमा रहेको सराङकोट बहुउद्देश्यीय सहकारी संस्थाले विविध कार्यक्रम आयोजना गरि आफ्नो ११औं वार्षिकोत्सव मनाएको छ । वार्षिकोत्सवको अवसरमा संस्थाले खुल्ला रक्तदान तथा स्वास्थ्य परीक्षण कार्यक्रम आयोजना गरेको थियो ।

संस्थाको स्थापनादेखि सामाजिक उत्तरदायित्व अन्तर्गत विविध रचनात्मक क्रियाकलापहरु मध्ये खुल्ला रक्तदानमा ५० जनाले रक्तदान र १ सय ३८ जनाको स्वास्थ्य परीक्षण गराएका थिए । विगतको वर्षदेखि पश्चिमाञ्चल सामुदायिक अस्पतालको प्राविधिक सहकार्यमा नि:शुल्क रुपमा रगतबाट पहिचान हुने रोगहरुको प्राविधिक परीक्षणबारे समुदायलाई रोग पहिचानमा महत्वपूर्ण योगदान दिएको अस्पतालका ल्याब प्रमुख अर्जुन ज्वालीले बताए ।

कार्यक्रममा पहिलो रक्तदाता पोखरा फोटोग्राफर संघका पूर्व अध्यक्ष राममणि पौडेललाई ब्लड ब्याग हस्तान्तरण गर्दै प्रमुख अतिथि जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारीले सहकारीको आम गतिविधिले समाजमा महत्वपूर्ण भूमिका खेलेको आर्थिक कारोवारसँगै हरेक सहकारीले सामाजिक क्रियाकलापहरु गर्नुपर्ने बताए । २०६३ सालमा स्थापना भएको संस्थाले शुरुवातदेखि सामुदायिक रेडियो सराङकोटको संचालन गर्दै ५ वर्ष देखि आर्थिक कारोवारको माध्यमले समाजमा सहकारी गतिविधिमूलक कार्य गर्दै आएको अध्यक्ष प्रेमबहादुर जि.सी.ले बताए ।

संस्थामा हाल २ सय ६० जना शेयर सदस्य भई शेयरपुँजी ४ करोड ६० लाख, ऋण लगानी १९ करोड, निक्षेप २२ करोड रही संस्थाको वृहत्तर कार्यको लागि आफ्नैभवन खरिद समेत गरिएको सचिव कृष्ण थापाले बताए ।

कार्यक्रमको अवसर पारी गरिएको अन्तरकर्मचारी नृत्य प्रतियोगितामा सम्झना थापा, रोशनी घिमिरे र सुशीला परियार र विविध प्रतियोगितामा राधिका थापा र सरिता तामाङ तथा रक्तदान कार्यक्रममा उल्लेख सहभागिताको कदर गर्दै अञ्चल प्रहरी कार्यालयका सूचना प्रमुख प.ना.नि. राजेन्द्र पौडेललाई सम्मान गरिएको थियो ।

कार्यक्रममा संस्थाका सचिव कृष्ण थापाले ५० औं पटक रक्तदान गरेको रक्तदाता आर्कास्मिक समूहद्वारा संयोजक हरिशचन्द्र शर्माबाट उत्कृष्ट रक्तदातालाे पिन सहित सम्मान गरिएको थियो ।

संस्थाका अध्यक्ष प्रेम बहादुर जि.सी.को अध्यक्षतामा भएको कार्यक्रममा स्वतन्त्र पत्रकार संघका केन्द्रीय अध्यक्ष कृष्ण प्रसाद वास्तोला, क्षयरोग निवारण संघका अध्यक्ष केशव भण्डारी, पत्रकार महासंघ कास्कीका कोषाध्यक्ष रामप्रसाद तिमिल्सिना, पश्चिमाञ्चल सामुदायिक अस्पताल पोखराका अध्यक्ष हरिप्रसाद पाण्डे, संस्थापक अध्यक्ष लोकबहादुर थापा, राष्ट्रिय सहकारी बैंकका प्रबन्धक केदार उपेती, उपाध्यक्ष अर्जुन बहादुर बस्नेत, व्यवस्थापक सुरेन्द्र थापा, कार्यक्रम संयोजक छविलाल तिमिल्सिना, संचालक सदस्य रमेश कुमार थापा, शेयर सदस्य राम बहादुर थापा, कर्मचारी सरिता तामाङ लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

फुल कन्टयाक करॉतेका खेलाडी छनोट

गोल्डेन न्यूज संवाददाता
पोखरा २७ मंसिर ।

पूर्वाञ्चलमा आयोजना हुने सातौं राष्ट्रिय खेलकुदका प्रतियोगिताका पश्चिमाञ्चलबाट फुल कन्टयाक करातेका खेलाडी छनोट भएका छन् । पोखरा रंगशालामा भएको छनोटबाट पुरुष तर्फ ४० केजी तौलमुनी समूहमा कास्कीका आशिष राना, ५० केजी मुनि कास्कीकै नविन शेर्पा, ५५ केजी तौल मुनि कास्कीका जीवन गुरुङ, ६० केजी तौल मुनि नवलपरासीका गोपीराम स्याङतान र एक कातामा तनहूँका सुवास खड्का र खुल्लातर्फ कास्कीका विष्णु नेपाली छनोट भएका छन् ।

त्यस्तै महिला तर्फ ५० केजी मुनि नवलपरासीकी झलकुमारी महतो, ५५ केजीतौल मुनि तनहूँकी सुनिता गुरुङ र महिला खुल्लामा कास्कीकी सुस्मी श्रेष्ठ छनोट भएकी छन् । पुरुष ४० केजीमा कास्कीका आशिष रानाले स्याङजाका धिरज परियारलाई पराजित गर्दै स्वर्ण जिल्ल सफल भए भने ५० केजीमा कास्कीका नविन शेपाले पर्वतका अर्जुन बरामलाई पराजित गर्दै स्वर्णपदक जित्ने भने उनी पनि सातौं राष्ट्रिय खेलकुदका प्रतियोगिताकी छनोट भए ।

यस्तै ५५ केजीमा कास्कीका जीवन गुरुङले तनहूँका चेवमान थापालाई पराजित गर्दै स्वर्ण जिते भने ६० केजीमा नवलपरासी गोपीराम स्याङतानले तनहूँका सलिमबक्स मियाँलाई पराजित गर्दै स्वर्ण हात पारे ।

यसैगरी खुल्ला तौल समूहमा कास्कीका विष्णु नेपालीले म्यादीका ओम पुन मगरलाई पराजित गरे भने महिला ५० केजीमा नवलपरासीकी शलकुमारी महतोले रुपेन्द्रीकी लक्ष्मी मल्ल ठकुरीलाई पराजित गर्दै स्वर्ण पदक जितिन् । ५५ केजीको प्रतिस्पर्धामा तनहूँकी सुनिता गुरुङले रुपन्द्रीकी सपना आलेमगरलाई पराजित गर्दै स्वर्ण सहित छनोट हुन सफल भइन् । महिला खुल्लामा कास्कीकी सुस्मी श्रेष्ठले रुपन्द्रेकीकी सोनाली गुप्तालाई पाखा लगाउँदै स्वर्णपदक हात पार्न सफल भइन ।

यसैगरी प्रतियोगिताको मुख्य जुर्मिला लक्ष्यबहादुर राना, लक्ष्मण कुँवर, रत्नबहादुर आले, रहेका थिए भने निर्णायकमा निर्मल पहारी, दानबहादुर क्षेत्री, गुन्जबहादुर राना, अशोक लामा, सागर गिरी, कमल एलसी, राजेन्द्र बुढामगर र सोनिया थापा रहेका थिए ।

विजेता खेलाडीलाई पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेल, केन्द्रीय प्रतिनिधि राजेन्द्र सुवेदी, कास्की जिल्ला खेलकुद विकास समितिका सदस्य अञ्जय पराजुली, पत्रकार एकराज गिरी, छनोट प्रतियोगिता का संयोजक एवं कास्की जिल्ला खेलकुद विकास समितिका कोषाध्यक्ष दिपकबहादुर गोदार, जुरी निर्मल पहारीलगायतले मेडल, प्रमाणपत्र वितरण गरे ।

मिस तामाङमा १२ जना युवती प्रतिस्पर्धी

पोखरा २७ मंसिर ।(गोल्डेन)

सोनाम ल्होसारको अवसरमा वैदाम तामाङ समाजले ल्होसार म्युजिकल फेस्टिभल तथा मिस तामाङ पोखरा आयोजना गर्ने भएको छ । अघिल्लो वर्ष देखि शुरु गरिएको मिस तामाङ प्रतियोगिता माघ ८ गते पोखरा सभागृहमा गरिने आयोजक वैदाम तामाङ समाजका अध्यक्ष ज्याक तामाङले बताए । प्रतियोगिताका लागि पोखरामा रहेका तामाङ समुदायका १२ जना युवतीहरु सहभागी छन् ।

पतियोगीहरुमा पोखरा लेकसाइडकी सृष्टि लामा, अञ्जली लामा, मालेपाटनकी अरुणा लामा, संगीता तामाङ, लेखनाथकी सीता तामाङ, मन्जु तामाङ शान्ति नगरकी जीता लामा, सिप्पानीकी रिमा तामाङ, न्यूरोडकी मालिका तामाङ, बगरका जगनकुमारी तामाङ, जिरो किलोमिटरकी पुनम तामाङ र भेडिफारामकी प्रिया तामाङ रहेका छन् । समुदायमा रहेका युवतीहरुको प्रतिभा प्रस्फुटन तथा तामाङ भेषभूषा, भाषा, संस्कार र संस्कृतिप्रति आकर्षण बढाउन तथा जातीय संस्कार संस्कृति हस्तान्तरण गर्ने उद्देश्यले मिस

तामाङ पोखरा आयोजना गरिएको कार्यक्रम संयोजक जेसिका तामाङले बताइन। प्रतियोगिता सौन्दर्य प्रतियोगिता मात्रै नभई तामाङ संस्कार र संस्कृतिको प्रवर्द्धन गर्न लागिएको उनले स्पष्ट पारिन् ।

प्रतियोगीहरुलाई करिब ४५ दिन तामाङ भाषा संस्कार र संस्कृति तथा व्यक्तित्व विकास सम्बन्धी तालिम दिइने तालिम सह-संयोजक जयन्ती मोक्तानले बताइन। अहिलेसम्म तामाङ भाषा र संस्कृति सम्बन्धी मिड्टमार तामाङ, दिपक वाइवा तामाङ, सार्वजनिक भाषण कला बारे सञ्चारकर्मी सन्जय मल्ल, नेतृत्व विकासका विषयमा च्याण्डम रिडर्स सोसाइटीका अध्यक्ष उपेन्द्र पौडेल, पोखरा मन्डेश्वरीका निर्देशक थिरबहादुर थापाले सहजीकरण गरिसकेका छन्। कार्यक्रमका कोरियोग्राफर सृष्टि सेज्चुरी हुनु। माघ ८ गते शनिवार पोखरा सभागृहमा हुने कार्यक्रममा चन्द्र बोहृ तामाङ लगायतका कलाकारका प्रस्तुतिका साथै तामाङ सांस्कृतिक नृत्य आकर्षण रहेका छन्। समाजले कार्यक्रमबाट बच्चेको रकम लेकसाइड खहरेमा निर्माणाधिन गुम्बाका लागि खर्चिने अध्यक्ष ज्याक तामाङले बताएका छन् ।

स्पोर्टमिट सम्पन्न

पोखरा २७ मंसिर ।(गोल्डेन)

पोखराको रामबजारमा अवस्थित लेखनाथ विभूति सेकेण्डरी बोर्डिङ स्कूलमा स्पोर्टस मिट सम्पन्न भएको छ । विद्यालयको वार्षिक कार्यक्रम अनुसार विभिन्न खेलहरु गरिएको हो । कक्षा ६ देखि १० सम्म र नर्सरी देखि १ सम्म डोरि तान्ने प्रतियोगिता, कक्षा ६ र ७ मा सुन्तला खाने प्रतियोगिता, कक्षा दुई देखि ५ सम्म म्युजिकल चेयर, कक्षा दुई र तीनका लागि गणित दौड प्रतियोगिता सम्पन्न भएको खेल संयोजक शंकर राज भण्डारीले जानकारी दिए । विभिन्न तहमा स्कीपिङ्, कबड्डी, बेलुन फुटाउने, रिले दौड, पुस्तक मिलाउने प्रतियोगिता गरिएको शिक्षिका लक्ष्मी लामिछानेले बताइन । विद्यार्थीहरुलाई अध्ययन सँग-सँगै अतिरिक्त क्रियाकलापमा पनि चासो दिलाउन सो कार्यक्रम गरिएको संस्थापक शुशिला केसी अधिकारीले बताइन ।

भक्ति संगीत हुने

पोखरा २७ मंसिर ।(गोल्डेन)

भक्ति संगीत प्रतिष्ठान नेपालले भक्ति संगीत पुरस्कार अक्षयकोष स्थापनार्थ भक्ति संगीत साँझ २०७३ गर्ने भएको छ । भक्ति संगीत प्रतिष्ठान आयोजक र त्रिवेणी संगीतालय सह-आयोजक रहेर सम्पन्न गर्न लागेको साँझका लागि दुई लाख ४० हजार खर्च लाग्ने आयोजकले बताएको छ । कार्यक्रम सम्पन्न गर्नका लागि लक्ष्मी गिरीको संयोजकत्वमा मूल समिति गठन गरिएको छ । कार्यक्रमबाट एक लाख ६० हजार बचत गर्ने लक्ष्य लिएको कार्यक्रम संयोजक गिरीले बताइन। यही पुस ९ गते पोखरा उद्योग वाणिज्य संघको सभाहलमा हुनेछ ।

चुनावको तयारीमा जुट्यो कांग्रेस

पोखरा २७ मंसिर ।

नेपाली कांग्रेस क्षेत्र नं.४ कास्कीले संगठन विस्तारका लागि गाँउ छिरेको छ। स्थानीय निकायको निर्वाचन, प्रादेशिक र केन्द्रीय निर्वाचनलाई मध्यनजर गर्दै संगठन मजबुद बनाउनका लागि गाँउ छिरेको नेपाली कांग्रेस क्षेत्र नं.४ का सभापति पोषनाथ शर्माले जानकारी दिए। नेपाली कांग्रेस क्षेत्र नं.४ को बैठक कास्कीको घाचोक गाविसमा बस्यो। प्रस्तावित माछापुच्छे गाँउपालिकामा आवद्ध गाविसका र यस वरपरका दा इकाई सभापतिको बैठकमा सहभागिता रहेको थियो।

बैठकमा सहभागि सभापतिहरुले निर्वाचनलाई लक्षित गरेर पार्टीका भात् संगठन चलाएमान बनाउनु पर्ने सुझाव दिएका थिए। यसअघि पार्टीले कास्कीकोटमा पनि बैठक राखेको थियो। अब लगत्तै भदौरे तामागीको ठुला खेतमा त्यहा आसपासका ईकाई सभपति सहितको बैठक बस्ने सभापति पोषनाथ शर्माले जानकारी दिए। यस लगत्तै पुष ९ गते ढिकुरपोखरी गाविसको नौडाँडामा विशेष भेला आयोजना गरिने सभापति शर्माले जानकारी दिए। विशेष भेलामा कास्की क्षेत्र नं.४ का २२ वटा ईकाईका सभपति, क्षेत्रीय प्रतिनिधि, यस क्षेत्रका महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि र जिल्ला सदस्यको सहभागिता रहने छ।

कर्मचारी चाहियो

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : कुक केल्पर	संख्या : २ जना
पद : वेटर	संख्या : २ जना
पद : किचन हेल्पर	संख्या : १ जना
पद : डिसवासर	संख्या : १ जना

सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

के तपाईंमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सुरुवा यौन रोग, स्वप्नदोष ।
महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरु ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पावल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:खे, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८५४८, ९८६५०४१९३७, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

बाबुरामलाई जुत्ताले हानेको कसले देख्यो ?

पोखरामा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई लक्षित गरी २३ मंसीरको अपराह्न जुत्ता प्रहार भयो भन्ने समाचार सामाजिक सञ्जाल तथा नेपाली मिडियामा प्रकाशको गतिमा आयो र संसारभर फैलियो । सो दिन डा. भट्टराई पृथ्वीनारायण क्याम्पस पोखराका विद्यार्थीलाई सम्बोधन गर्दै थिए । राजनीतिज्ञमाथि जुत्ता प्रहार गर्ने कुसंस्कार संसारभरि छ । तसर्थ यो घटना पनि यथार्थजस्तै बन्न पुग्यो । जुत्ता प्रहार विरोधको एक शैली हो । इस्लामिक मुलुकमा यसलाई निकै अपमानजनक रुपमा लिइन्छ । यस्ता घटना अमेरिका, अष्ट्रेलिया, चीन, हंगकंग, युक्रेन, भारत, टर्की, पाकिस्तान, ताइवान, बेलायत, इरान लगायतका देशमा दर्जनौं पटक भएको पाइन्छ ।

इरानी राष्ट्रपति मोहम्मद अहमदिनेजादलाई सन् २००६ मा अमिर कबिर युनिभर्सिटीमा जुत्ता प्रहार भयो । ६ मार्च २००९ मा इरानी शहर उर्मियाको भ्रमणमा रहेको समयमा र ६ फेब्रुरी २०१३ मा इजिप्टमा उनीमाथि जुत्ता प्रहार भयो । २३ अक्टोबर २००९ मा राष्ट्रपति मोहम्मद अहमदिनेजादका समर्थकले विपक्षी नेता मैदी कारीबीमाथि जुत्ता प्रहार गरे ।

अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसलाई १४ डिसेम्बर २००८ मा बगदादमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै गर्दा, पत्रकार मुन्तधर अल जैदीले जुत्ता प्रहार गरे । १ डिसेम्बर २००९ मा पत्रकार मुन्तधर अल जैदीलाई पनि पेरिसमा जुत्ता प्रहार गरियो । १५ जुलाई २०१२ मा इजिप्टमा र १० अप्रिल २०१४ मा अमेरिकाको लस भेगासमा हिलारी क्लिन्टनलाई जुत्ता प्रहार गरियो ।

सन् २००९ को अप्रिलमा कुरुक्षेत्रका लागि भारतीय लोक सभाका उम्मेदवार नवीन जिन्दाललाई, ७ अप्रिल २००९ मा भारतीय गृहमन्त्री पि. चिताम्बरम्लाई, सोही वर्षको अप्रिल १६ मा प्रतिपक्ष दलका नेता लालकृष्ण आडवाणीलाई आफ्नै दलका सदस्यबाट मध्य प्रदेशमा जुत्ता हानियो ।

सोही वर्ष २६ अप्रिलमा अमेदावादमा चुनावी सभालाई सम्बोधन गर्दै गर्दा तत्कालीन भारतीय प्रधानमन्त्री मनमोहन सिंहलाई र ६ जुन २०१० मा भारतीय राष्ट्रिय कंग्रेसका प्रवक्ता जनार्दन द्विवेदीलाई पत्रकार सम्मेलनमा जुत्ता प्रहार भयो ।

सोही वर्ष १८ अक्टुबरमा आम आदमी पार्टीका नेता अरविन्द केजरीवाललाई लखनउमा र २३ जनवरी २०१२ मा भारतीय राष्ट्रिय कंग्रेसका महासचिव राहुल गान्धीलाई देहरादूनमा जुत्ता प्रहार भयो । ५ जनवरी २०१५ मा बिहारका मुख्य मन्त्री जितन राम माझीलाई पटनामा जुत्ता प्रहार गरियो ।

त्यसैगरी ७ अप्रिल २००८ मा सिन्ध प्रान्तका पूर्वमुख्यमन्त्री अर्बाब गुलाम रहिमलाई र ७ अगस्त २०१० मा पाकिस्तानी राष्ट्रपति असीफ अलि जर्दारीलाई बिर्मिंगम, बेलायतमा जुत्ता प्रहार भयो । सोही वर्ष १५ अगस्तमा जम्मु काश्मिरका मुख्यमन्त्री ओमार अब्दुल्लाहलाई, र ६ फेब्रुअरीमा पाकिस्तानी पूर्वप्रधानमन्त्री पर्वेज मुशर्रफलाई लण्डनमा जुत्ता प्रहार भयो ।

२० डिसेम्बर २००८ मा युक्रेनियन राजनीतिज्ञ ओलेह सोस्कीनलाई, फेब्रुअरी २००९ मा चिनिया स्टेट काउन्सीलका प्रमुख वेन जियाबाओलाई क्याम्ब्रिज युनिभर्सिटीमा प्रवचन दिँदै गर्दा जुत्ता हानियो । सोही वर्ष ४ नोवेम्बरमा अष्ट्रेलियन पूर्व प्रधानमन्त्री जोन हावर्डलाई क्याम्ब्रिज विश्वविद्यालयमा प्रवचन दिइ रहँदा जुत्ता प्रहार भयो ।

त्यस्तै जनवरी २०१० मा सुडानी राष्ट्रपति ओमार अल वशीरलाई सुडानको खार्टौममा, फेब्रुअरी २०१० मा टर्कीस प्रधानमन्त्री रेसीप टायीप इर्दोगानलाई जुत्ता प्रहार भयो भने ४ र ५ सेप्टेम्बरमा दुईपटक बेलायती पूर्वप्रधान मन्त्री टोनी ब्लेयरलाई डब्लीनमा जुत्ता प्रहार भयो । ११ सेप्टेम्बर २०१० मा ग्रीकका प्रधानमन्त्री जर्ज पापान्द्रेलाई, र फेब्रुअरी २०१० मा इजिप्टियन राष्ट्रपति होस्नी मुबारकलाई कायरोमा जुत्ता प्रहार गरिए ।

पोखरा घटना बिजुलीको गतिमा फैलनुमा सोसल मिडियाको भूमिका एकातर्फ छ भने अर्कातर्फ नेपाली पत्रकारिता अझै जिम्मेवार हुन नसकेको पुनः अर्को पटक पुष्टि भएको छ । यसअघि पनि यस्ता घटना नभएका होइनन् । केही वर्ष अगाडि एकजना युवतीले ७० लाख भेटेर फर्काएको समाचारले राष्ट्रपति रामबरण यादवसमेत लज्जित भएका थिए । रसेन्द्र भट्टराई प्रकरणले त्यस्तै भएको थियो । कान नछाप्ने कागको पछि दगुर्ने प्रवृत्ति हाम्रो समाजको कमजोर पक्ष हो ।

अन्धपूर्वाग्रहको कमजोर मनोविज्ञानले पनि यसमा भूमिका खेलेको छ । प्राप्त समाचार सम्प्रेषण गर्नु अघि आधारको खोजी हुनु पर्नेमा सो नभएका कैयौं घटना यसअघि पनि नभएका होइनन् । पोखरा घटनाका कारणीले प्रहरीमा आफूले जुत्ता प्रहार नगरेको केवल विरोधका लागि कालो झण्डा मात्र प्रदर्शन गरेको दिएको बयान दिएका छन् ।

मञ्चमा बस्ने कसैले पनि जुत्ता प्रहार भएको देखेनन् । साथै सो समाचारलाई पुष्टि गर्ने कुनै फोटो वा भिडियो फुटेज समेत प्राप्त भएको छैन । नहुनुले सो घटनाका पछाडि बदनियत रहेको स्पष्ट देखिन्छ । यसमा जिम्मेवार समाचार सम्प्रेषकले भूल स्वीकार गरी क्षमा याचना गर्नुपर्छ ।

पर्याप्त प्रमाणको अभावमा संवेदनशील विषयमा पनि छिटो समाचार संप्रेषण गरिने परम्परालाई अन्त्य हुनुपर्छ । सम्बन्धित पक्षलाई पुरा सक्ने मानसिक तनाव र सामाजिक वदनामीप्रति समाचार प्रवाह अगाडि सोचिनुपर्छ । यस्ता भ्रामक घटनाबाट नेपाली सञ्चार जगत र सोसल मिडियाले शिक्षा आर्जन गर्दै सुधिएर अगाडि बढ्नुपर्छ ।

❖अधिवक्ता शान्ति तिमिल्सिना

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष / प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा